नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

दशौं वार्षिक साधारणसभा

(२०७४ पौष ३० गते सम्पन्न)

माईन्युट

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दशौं साधारणसभाको विवरण तथा निर्णयहरु :

१. वैधानिक सभा :

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको मिति २०७४/९/५ गते वसेको सञ्चालक समितिको ७६२ औं वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रवन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री केदार बहादुर अधिकारीको अध्यक्षतामा खण्ड २ मा उल्लेख भए बमोजिमको मिति समय र स्थानमा तोकिएका विषयहरुमा छलफल र निर्णय भई कम्पनीको दशौं वार्षिक साधारणसभा सम्पन्न भयो ।

२. सभाको मिति र समय र स्थान :

मिति : २०७४ साल पौष महिना ३० गते आइतवार (तद्नुसार १४, जनवरी २०१८)

समय : विहान १०:०० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, टुंडिखेल, काठमाडौं ।

३. सभाको सूचना :

कम्पनी ऐनको, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम कम्पनीको दशौं वार्षिक साधारणसभाको सूचना मिति २०७४/९/८ र ९ गतेको गोरखापत्रमा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त कम्पनीको website:www.ntc.net.np मा समेत कम्पनीको आ.व.०७३/७४ को वार्षिक प्रतिवेदन तथा सभा सम्वन्धी सूचना राख्ने व्यवस्था गरी शेयरधनी महानुभावहरुको ठेगानामा समेत साधारणसभा सम्वन्धी सूचना सहितको वार्षिक प्रतिवेदन प्रेषित गरिएको ।

४. छलफलका विषयहरु

कम्पनीको दशौं वार्षिक साधारणसभामा छलफलका लागि देहायका विषयहरु प्रस्ताव गरिएको थियो ।

क. कम्पनीको आर्थिक वर्ष २०७३/७४ को लागि अध्यक्ष एवं सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्न साधारणसभामा पेश गर्ने ।

ख. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी पारित गर्न साधारणसभामा पेश गर्ने ।

ग. चालु आ.ब.०७४/०७५ को लागि लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ. कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत आ.व.२०७३/०७४ को मुनाफा रकम मध्येबाट प्रति शेयर रु.५५। का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

ङ. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको दफा १२ को खण्ड (ग) मा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने हालका सञ्चालक श्री विनय कुमार चालिसेको पदावधि समाप्त भए पछि नयाँ सञ्चालकको पदावधि शुरु हुने गरी नयाँ सञ्चालक सदस्यको निर्वाचन गर्ने ।

(च) **विशेष प्रस्तावः**

कम्पनीको नियमावलीमा देहाय बमाजिम संशोधन गर्न साधारणसभामा प्रस्ताव पेश गर्ने ।

अ. कम्म्पनीको नियमावलीको विभिन्न ठाँउमा रहेको **"कम्पनी ऐन, २०५३"** भन्ने शब्दहरुको सट्टा **" कम्पनी ऐन, २०६३ "** भन्ने शब्दहरु कायम गर्ने ।

आ. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (ग) मा रहेको सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ भन्ने व्यवस्थाको सट्टा देहायको व्यवस्था कायम गर्ने ।

" यो नियम प्रारम्भ भएपछि नियमावलीको नियम १२ को खण्ड (छ) को समूह (ग) अनुसार सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित हुने सञ्चालकको कार्यकाल ३ वर्ष वा नियुक्ति भएको मिति देखि तिनवटा साधारण सभा वस्ने मिति मध्ये जुन पहिले हुन्छ सो मिति सम्म मात्र हुनेछ । "

५. उपस्थितिः

क. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरुः

१. श्री केदार बहादुर अधिकारी	अध्यक्ष (सचिव , सूचना तथा सञ्चार मन्त्रालय)
२. श्री कामिनी राजभण्डारी	सञ्चालक (प्रवन्ध निर्देशक, नेपाल दूरसञ्चार कम्पनी लि.)
३. श्री रमेश ढकाल	सञ्चालक (सह सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय)
४. श्री रामचन्द्र ढकाल	सञ्चालक (सह सचिव, सूचना तथा सञ्चार मन्त्रालय)
५. श्री उत्तर कुमार खत्री	सञ्चालक (सह सचिव, अर्थ मन्त्रालय)
६. श्री विनय कुमार चालिसे	सञ्चालक (सर्वसाधारण शेयरधनी)

ख. पर्यवेक्षक, आमन्त्रित एवं अन्य पदाधिकारीहरु को उपस्थिति :

१. श्री गिता कुमारी होमेगाँई	कम्पनी रजिष्टार, (कम्पनी रजिष्टारको कार्यालय)

२. श्री पूरुषोत्तम खनाल	वरिष्ठ निर्देशक (नेपाल दूरसञ्चार प्राधिकरण)
३. श्री प्रकाश खत्री	लेखा अधिकृत, (महालेखा परीक्षकको कार्यालय)
४. श्री माधव प्रसाद वास्कोटा	वरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार
५. श्री भिम प्रसाद पौडेल	अधिवक्ता, कानूनी सल्लाहकार
६ श्री सुवोध कुमार कर्ण	लेखा परीक्षक,
७. श्री शैलजा राई	कम्पनी सचिव

ग. शेयरधनी उपस्थिति:

(क) संस्थापक शेयरधनी: ७

(ख) सर्वसाधारण शेयर: ६२८

जम्मा उपस्थित संख्या: ६३५

६. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

उपस्थित शेयरधनीले ग्रहण गरेको शेयर संख्या :

(क) संस्थापक शेयर : .१३,७२,८९,९५०

(ख) सर्वसाधारण शेयर : १२,१७,८२१

कूल शेयरको प्रतिनिधित्व : १३,८५,०७,७७१

७. सभाको वैधानिकता :

कम्पनी सचिव श्री शैलजा राईले कम्पनीको दशौं वार्षिक साधारणसभामा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा कम्पनी व्यवस्थापनको तर्फवाट हार्दिक स्वागत गर्दै कम्पनीको दशौं वार्षिक साधारणसभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियम ११ मा रहेको प्रावधान बमोजिम कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा प्रतिनिधिद्धारा उपस्थित हुनु पर्ने प्रावधान भए बमोजिम गणपुरक संख्या पुगि सकेको जानकारी दिदै कम्पनी ऐन, २०६३ तथा नियमावली अनुसार सभा वैधानिक भएको जानकारी सभा समक्ष गराउनु भयो ।

८. सभाको अध्यक्षता :

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ बमोजिम सञ्चालक समितिको अध्यक्षले नै सभाको अध्यक्षता गर्ने प्रावधान भए बमोजिम यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री केदार बहादुर अधिकारीले सभाको अध्यक्षता गर्नु भयो । तत्पश्चात कम्पनी सचिवले सभा सञ्चालनका लागि सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो ।

९. दशौं वार्षिक प्रतिवेदन प्रस्तुति :

सभाका अध्यक्ष श्री केदार बहादुर अधिकारीले सञ्चालक समितिको तर्फवाट कम्पनीको दशौं वार्षिक साधारणसभामा उपस्थित सवै शेयरधनीहरुलाई स्वागत गर्दै छलफल हुने विषयको कार्यसूची राष्ट्रिय स्तरको पत्रिका मार्फत जानकारी गराई वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरिएको ब्यहोरा जानकारी गराउदै कम्पनीको हालको अवस्था र आगामि दिनमा सञ्चालन गर्न लागेका योजनाहरुको वारेमा देहाय बमोजिम संक्षिप्त जानकारी गराउनु भयो ।

- ❖ आ.व.०७३/७४ मा कम्पनीको खुद मुनाफा रु. १५ अर्ब ३७ करोड कायम राख्न कम्पनी सफल भएको र गत आ.व.को तुलनामा कम्पनीको भ्वाइस सेवातर्फ ग्राहक आधार १७.२३ प्रतिशतले वृद्धि भई १ करोड ७६ लाखभन्दा बढी ग्राहक महानुभावहरूलाई नवीनतम प्रविधिमा आधारित सस्तो तथा भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराईंदै आएको र इन्टरनेट सेवातर्फ ग्राहक आधार १०.७७ प्रतिशतले वृद्धि भएको छ ।

- ❖ २०७४ असोज सम्ममा कम्पनीको भ्वाइस सेवामा हिस्सा ४९.०० प्रतिशत र डाटा सेवामा हिस्सा ५१.९८ प्रतिशत पुगेको ।

- ❖ उपभोक्ताहरूलाई नवीनतम तथा विश्वस्तरीय प्रविधिमार्फत उच्च गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यअनुरुप समीक्षा वर्षमा नेपालमै पहिलो पटक LTE प्रविधिमा आधारित चौथो पुस्ताको मोबाइल इन्टरनेट सेवा (4G) शुरु गर्न सफल भएको र 4G/LTE सेवा देशैभरि विस्तार गर्न टेन्डर अह्वान भइसकेको ।

- ❖ त्यस्तै हाल सञ्चालनमा रहेका पुराना प्रविधिका पीएसटीएन (ल्यान्डलाइन) टेलिफोन सेवाको गुणस्तर वृद्धि हुने गरी नयाँ प्रविधिमा परिवर्तन गर्ने कार्यको शुरुवात गरिएको र यस प्रविधि अन्तर्गतका एक्सचेन्जहरूमा १०० प्रतिशत एडीएसएल सेवाको क्षमता हुने भएकोले ग्राहकको मागअनुरुप एडीएसएल लाइन उपलब्ध गराउन समेत सम्भव हुने एवं भविष्यमा ल्यान्डलाइन सेवामा आधारित अन्य आधुनिक सेवा जस्तै- आईपीटीभी, भिडियो अन डिमान्ड (IPTV, Video On Demand) आदि सेवा समेत प्रदान गर्न सकिने साथै कम्पनीले आफ्नो सेवा र व्यापारको विविधीकरण गरी आगामि दिनमा देहायका सेवा/व्यवसायहरु सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरीने ।

  क) दूरसञ्चारको पूर्वाधार विकास कम्पनी खोल्ने,
  ख) IPTV, इन्टरनेट र फोनको एकीकृत सेवा विस्तार,
  ग) PSTN सेवा विस्तार,
  घ) Mobile Money सम्बन्धी सेवा,
  ङ) ग्राहक संख्या वृद्धि गर्न र भैरहेको ग्राहकहरुलाई टिकाई राख्न आवश्यक सेवाहरु ।

- ❖ कम्पनीले आफ्नो सामाजिक दायित्वलाई मध्यनजर गरी नाफामूलक शहरी क्षेत्रहरूमा मात्र सेवा सीमित नराखी तुलनात्मकरुपमा लगानी बढी हुने देशका सम्पूर्ण जिल्ला तथा स्थानिय निकायहरु सम्म आफ्नो सेवा विस्तार गरिसकेको र ग्राहकहरूको गुनासोहरू छिटो, छरितो तथा सरलरुपमा सम्बोधन गर्नको लागि नयाँ सोधपुछ तथा ग्राहक सेवा केन्द्र सञ्चालनमा ल्याइएको ।

- ❖ निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी सेवा आपूर्ति गर्नुपर्ने कम्पनीहरूको हकमा सार्वजनिक खरिद ऐन र नियमावलीले गरेको व्यवस्था र सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधन २०७३ बाट

बोलपत्र, खरीद सम्झौता लगायतका प्रावधानमा भएका संशोधनलाई समावेश गर्न कम्पनीको खरीद कार्यविधिको मस्यौदा तयार भइ स्वीकृतिको क्रममा रहेको ।

❖ मुलुकको विकट तथा ग्रामीण क्षेत्रहरूमा समेत सूचना तथा सञ्चार प्रविधि उपलब्ध गराई मुलुकमा व्याप्त डिजिटल डिभाइड न्यूनीकरण गर्ने र डिजिटल इन्क्लुजनको अवधारणालाई साकार पार्ने सिलसिलामा समीक्षा अवधिमा कम्पनीको योगदान महत्वपूर्ण रहेको छ । गुणस्तरीय सेवा तथा सेवाको सहज उपलब्धतामार्फत आफ्नो बजार हिस्सालाई मजबुत गर्न तथा व्यावसायिक उद्देश्य हासिल गर्न निरन्तर सेवाको संख्यात्मक विस्तार र गुणात्मक सुधार गरिरहेको मुलुकको विकट तथा ग्रामीण क्षेत्रहरूमा सूचना प्रविधिको पहुँच पुर्‍याउन डाटा सेवाको देशव्यापी विकास र विस्तारको लागि पूर्वाधार विकासमा विशेष ध्यान दिएको एवं डाटा सेवाको गुणस्तरमा थप सुधार गर्नको लागि ब्यान्डविथ थप्ने कार्यलाई निरन्तरता दिनुको अलावा ADSL र FTTH सेवाको ब्यान्डविथ निरन्तर वृद्धि गरिएको छ ।

❖ बढ्दो विश्वव्यापीकरणसँगै दूरसञ्चार क्षेत्रमा भइरहेको प्रतिस्पर्धाको कारणले निर्णय प्रक्रिया, कार्यशैली, संस्थागत संरचनामा सुधार गरी कम्पनीलाई परिवर्तनमुखी, व्यावसायिक तथा गतिशील संगठनको रुपमा विकास गर्न आवश्यक भएकोले रणनीतिक साझेदारको नियुक्ति, कार्यान्वयनलगायत आवश्यक कार्यहरूमा परार्मश तथा सहजीकरणको लागि परामर्शदातासँग सम्झौता गरी कम्पनीको Due Diligence Audit गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

❖ कम्पनीमा कार्यरत जिम्मेवार पदाधिकारीहरूसँग कार्यसम्पादन सम्झौता गरी मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले सञ्चालक समिति र प्रबन्ध निर्देशक तथा प्रबन्ध निर्देशक र व्यवस्थापकहरूबीच कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइएको ।

❖ कम्पनीबाट सञ्चालित आयोजनाहरू तोकिएको समयमा सम्पन्न गर्ने उद्देश्यले आयोजना कार्यान्वयनको अनुगमन प्रणालीलाई प्रभावकारी बनाई तोकिएको अवधिभित्र आयोजना सम्पन्न गर्ने सम्बद्ध पक्षहरूलाई पुरष्कृत गर्ने र नियतवश ढिलाइ गर्नेलाई दण्ड जरिबाना गर्ने व्यवस्था कडाइका साथ लागू गर्ने व्यवस्था मिलाइने ।

❖ आ.व. २०७३।७४ मा कम्पनीले आयकरतर्फ रु. ६ अर्ब १४ करोड, मूल्य अभिवृद्धितर्फ ४ अर्व ७५ करोड, भन्सार महसुलबापत रु. ३६ करोड ८३ लाख, रोयल्टी तथा ग्रामीण दूरसञ्चार कोषबापत रु. २ अर्ब ४४ करोड, दूरसञ्चार सेवा शुल्क बापत रु. ३ अर्ब २० करोड, लाभांश बापत रु. ६ अर्ब ९९ करोड र सम्पत्ति तथा सवारी करबापत रु. ३ करोड ४८ लाख गरी कुल रु. २४ अर्ब ५४ करोड सरकारी राजस्वमा योगदान पुऱ्याएको ।

अन्त्यमा, वहांले कम्पनीको सफलताका सहयात्रीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरूले कम्पनीप्रति देखाउनुभएको विश्वास आगामी दिनहरूमा समेत कायम रहने अपेक्षा गर्नु भयो । आफ्नो अमूल्य सुझाव दिई कम्पनीको सफलताका मार्गदर्शक बन्नुभएका आदरणीय उपभोक्ताहरूलाई सेवा गर्ने अवसर प्रदान गर्नुभएको धन्यवाद दिदै भविष्यमा समेत रचनात्मक सुझावको अपेक्षा गर्नुभयो । यस अवसरमा कम्पनी व्यवस्थापन तथा आम कर्मचारीवर्गको लगनशीलता, मेहनत तथा ग्राहक सेवाप्रतिको समर्पणको उच्च कदर गर्दै आगामी दिनहरूमा पनि ग्राहक सेवामुखी भई कम्पनीको प्रगतिको लागि आफ्नो सीप, समय र क्षमताको उपयोग गर्नुहुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।

१०. साधारणसभाको छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नु हुने शेयरधनी महानुभावहरु :

१. श्री नरसिंहलाल चंखु
२. श्री चन्द्रनारायण श्रेष्ठ
३. श्री अमिरदास रञ्जित
४. श्री तारा प्रसाद देवान
५. श्री मेजर कुवेर श्रेष्ठ
६. श्री ढुन बहादुर वुढाथोकी
७. श्री राज कुमार मेहता
८. श्री राजेन्द्र कुमार दाहाल
९. डा.श्री माधव श्रेष्ठ
१०. श्री दिवाकर खड्का
११ श्री .शिशिर कुमार भट्ट
१२. श्री महेन्द्र जोशी
१३. श्री राजेन्द्र पौडेल
१४. डा. श्री मनोहरकुमार श्रेष्ठ
१४. श्री राज बहादूर रावल
१५. श्री सुभाष साह
१६. श्री राजेन्द्र भट्ट

१०. साधारणसभाको छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरुको मन्तव्य, राय तथा सुझावहरु :

१. श्री नरसिंहलाल चंखु

कम्पनीले ईतिहास मै पहिलो पटक कम्पनी ऐनले तोकेको समय सीमा भित्र साधारणसभा सम्पन्न गरेकोमा व्यवस्थापनलाई बधाई तथा धन्यवाद ज्ञापन गर्नु भयो । आ.व. २०७३/७४ मा कम्पनीका आर्थिक सूचकाङ्कहरु सकारात्मक रहेको, रणनीतिक साझेदार भित्रयाउने सम्वन्धमा आवस्यक अध्ययन गरिएको, शेयरधनीहरुलाई राम्रो प्रतिफल दिन सफल भएको, सुसाशनमा ध्यान दिएको, आसामी असुली व्यवस्थापन राम्रो गरेको, वित्तीय अनुशासनमा जोड दिएको एवं गुणस्तर सुधारका प्रयासहरु गरेकोमा कम्पनीको प्रसंशा गर्नु भयो । वहांले आफ्ना ग्राहक संगको सम्वन्ध सुधार गर्न, DATA Center को स्थापना गर्न, पूर्वाधार विकास तथा कम्पनीका व्यवशायिक क्रियाकलापहरुमा थप जोड दिन आग्रह गर्नु भयो । साथै वहांले नविनतम सूचना प्रविधिको आत्मसाथ गर्दै WiFi को सट्टा LiFi Technology को विषयमा अध्ययन गर्न र लगानीको विविधिकरण गर्न जोड दिदै कम्पनीमा कार्यरत कर्मचारीको Motivation गरी उनीहरुको कार्यशैलीमा सुधार गर्न सुझाव दिनु भयो । अन्तमा कम्पनीको सफलता र प्रगतिको कामना गर्नु भयो ।

२. श्री चन्द्रनारायण श्रेष्ठ :

कम्पनीले आ.व.२०७३/७४ मा आफ्नो कार्य राम्रोसंग सम्पादन गरेकोले खुद मुनाफा र पुर्नमूल्याङ्कन समेतवाट सन्तोषजनक मुनाफा हासिल गर्न सफल भएको र शेयरधनीहरुलाई प्रतिशेयर रु.५५। लाभाशं

वितरण गर्न लागेकोमा धन्यवाद ज्ञापन गर्नु भयो । वहांले वित्तीय विवरणहरुको अध्ययन गर्दा कम्पनीको कुल आय मध्ये ३४ प्रतिशत खुद मुनाफा हासिल गरेकोमा प्रशासनिक तथा सञ्चालन खर्च कम गर्न सकेमा ४०- ५० प्रतिशत सम्म खुद मुनाफा आर्जन गर्न सकिने धारणा व्यक्त गर्नु भयो । कम्पनीको समिक्षा आ.व.मा ग्राहक संख्या वढेको, Book Net worth वढेको अवस्थामा कुल दायित्व समेत वढेको तर्फ ध्यानकर्षण गराउनु भयो । वहांले सञ्चालक समितिको वैठक कम गर्न, कम्पनीको लगानी विविधिकरण गरी जलविद्यूत लगायत अन्य क्षेत्रमा लगानी गर्न, प्रस्तावित लाभांश यथासिघ्र वितरण गर्ने व्यवस्था मिलाउन र शेयरको मूल्य वढाउने तर्फ ध्यान दिन आग्रह गर्नु भयो । साथै वित्तीय अनुशासन कायम गर्नु पर्ने, व्यापारिक क्रियाकलाप बढाउनु पर्ने, आसामि असुलीमा ध्यान दिनु पर्ने वताउनु भयो ।

३. श्री अमिरदास रञ्जित

कम्पनीले समयमा साधारणसभा गरेकोमा धन्यवाद दिदै पौष मसान्तको दिन भएको हुँदा धेरै कम्पनीहरुको साधारणसभा सोही दिन परेकोले शेयरधनीहरुको उपस्थिति कम देखिएकोले खल्लो अनुभव भएकोले आगामि वर्ष यस तर्फ ध्यान दिन आग्रह गर्नु भयो । वहांले कम्पनीका आर्थिक सूचकाङ्कहरु सकारात्मक रहेको र शेयरधनीहरुलाई उचित प्रतिफल दिएकोमा सन्तोष व्यक्त गर्नु भयो । कम्पनीमा रणनीतिक साझेदार भित्रयाउने कुराले शेयरधनीहरुको मनोवल र शेयरको मूल्य समेत बढेकोले यस सम्वन्धमा थप र पर्याप्त सूचना दिन आग्रह गर्नु भयो । प्रथम पटक संस्थामा महिला कार्यकारी प्रमुख हुनु भएको र वहाँको कार्य सम्पादन अत्यन्त राम्रो र सकारात्मक देखिएकोले अन्य संस्थाका लागि समेत प्रेरणादायी हुने धारणा व्यक्त गर्नु भयो । नयाँ नयाँ योजना स्वीकृत तथा कार्यान्वयनको सन्दर्भमा सञ्चालक समितिको वैठक वढी हुनु स्वभाविक भएको वताउदै प्रशासनिक खर्च कम गर्ने तर्फ व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो । अन्तमा संस्थागत सुशासनलाई ध्यान दिई अघि बढ्न सुझाव दिनु भयो ।

४. श्री तारा प्रसाद देवान:

कम्पनीले आ.व.०७३/७४ मा स्वीकृत कार्यक्रमहरु सम्पादन गर्न देखाएको कार्यकुशलताको प्रशंसा गर्दै खुद मुनाफा १५ अर्व ३७ करोड आर्जन गरी कम्पनीका शेयरधनीहरुलाई ५५ प्रतिशत लाभांश वितरण गर्न सकेकोमा धन्यवाद व्यक्त गर्नु भयो । कम्पनीवाट वितरण भएका Land Line टेलिफोनको गुणस्तर सुधार तथा समयमा मर्मत सम्भार नगरिएमा विस्थापन हुने खतरा रहेको वताउदै दिन प्रति दिन सेवा फिर्ता भई रहेको तर्फ ध्यानाकर्षण गराउनु भयो । मुख्य शहरहरुमा टेलिफोन तारहरु असुरक्षित र अव्यवस्थित भएकोले शहरको सुन्दरता र शोभा विग्रेको वताउदै आवस्यक लगानी गरी तारहरुलाई भूमिगत रुपमा व्यवस्थित गर्न सुझाव दिनु भयो । शेयरधनीहरुको हितलाई ध्यानमा राखी वितरित लाभांशको ५० प्रतिशत वोनस शेयरको व्यवस्था गर्न आग्रह गर्नु भयो । वहांले सरकारी संस्थाको रुपमा कम्पनीले गुणस्तरीय र सुलभ सेवा दिईरहेकोमा धन्यवाद दिदै 4G सेवा देश भरि नै विस्तार गर्न र शेयरधनीहरुको उपस्थिति कम भएकोले शेयरधनीहरुलाई पर्याप्त सूचना दिन र सवै शेयरधनीलाई समान व्यवहार गर्न आग्रह गर्नु भयो ।

५. श्री मेजर कुवेर श्रेष्ठ

कम्पनीले आ.व. ०७३/७४ मा १५ अर्व ३७ करोड मुनाफा आर्जन गरी शेयरधनीहरुलाई ५५ प्रतिशत लाभाशं वितरण गर्न सकेकोमा सम्पूर्ण शेयरधनीहरुको तर्फवाट धन्यवाद व्यक्त गर्दै मुनाफाको अनुपातमा लाभांश रकम वृद्धि गर्न अनुरोध गर्नु भयो । कम्पनीले आफ्नो प्रतिस्पर्धि क्षमता अभिवृद्धि गर्न रणनीतिक

साझेदार भित्र्याउन लागेकोमा धन्यवाद दिदै यस विषयमा भईरहेको अध्ययनका सम्वन्धमा थप सूचना दिन आग्रह गर्नु भयो । विगत आर्थिक वर्षहरुको शेयरधनीहरुलाई वितरण गर्न वाँकी रहेको करीव २४ करोड रकम के कारणले वांकी रहन गएको हो ? सो सम्वन्धमा जानकारी गराउन तथा वाँकी लाभांश यथासिघ्र वितरण गर्ने व्यवस्था मिलाउन आग्रह गर्नु भयो । प्रस्तुत आर्थिक विवरणमा वैदेशिक मुद्रा सटहीमा ४२ करोड नोक्सान कसरी भएको हो ? प्रष्ट पारिदिन आग्रह गर्दै लगानी विविधिकरण अन्तर्गत अपर तामाकोशी र त्रिशुली थ्रि वि मा भएको लगानी उपयुक्त भएतापनि यसको सुरक्षणमा ध्यान दिनु पर्ने वताउनु भयो । देशका दूरसञ्चार सेवा नपुगेका कुना कुना सम्म सेवा विस्तार गरेको, ग्राहक सेवा केन्द्रहरु थप गरेको र 4G सेवा विस्तार गर्न लागेकोमा खुसी व्यक्त गर्दै कम्पनीको सामाजिक उत्तरदायित्व सम्वन्धी नीतिको सम्वन्धमा जानकारी गराउन आग्रह गर्नु भयो । वहाले मोवाईल फाईनासिङ्ग सम्वन्धमा जानककारी गराउन ग्रह गर्नु भयो । कम्पनीले समिक्षा आ.व.मा नेपाल सरकारलाई २४ अर्व भन्दा वढी राजश्व वुझाउन सफल भएकोमा खुसी व्यक्त गर्दै रणनीतिक साझेदारलाई कम्तीमा २५ प्रतिशत शेयर दिन सोही समयमा सर्वसाधारण शेयरधनीहरुलाई समेत केही प्रतिशत दिन सुझाव दिनु भयो ।

६. श्री ढुन बहादुर वुढाथोकी :

कम्पनीको आ.व.०७३/७४ को प्रस्तुत वित्तीय विवरणको अवस्था हेर्दा Voice तर्फका ग्राहक १ करोड ८६ लाख र Data तर्फका ८७ लाख ग्राहक रहेको र कुल राजश्व ४४ अर्व ३९ करोड देखिएको छ । यस आ.व.मा बृद्धि भएको ग्राहक संख्याको अनुपातमा राजश्व वृद्धि हुन नसकेको र यही अवधिमा प्रतिस्पर्धि कम्पनीको ग्राहक संख्या कम भएतापनि कुल आम्दानी यस कम्पनीको भन्दा बढी देखिएको तर्फ ध्यानाकर्षण गराउनु भयो । यस अबधिमा कम्पनीका कार्य सम्पादन आय (Operating income) घटेको र बैंक व्याज तथा अन्य गैर सञ्चालन आय बढेको कारण खुद आम्दानीमा बृद्धि भएको देखिन्छ यसवाट कम्पनीको व्यवसायिक दक्षता नदेखिएको धारणा व्यक्त गर्नु भयो । कम्पनीको International Sharing को आम्दानी घट्नु चिन्ताको विषय भएको वताउनु भयो । कम्पनीले आफ्नो सेवा को गौरवमय सय वर्ष पुरा गरिसकेको अवस्थामा कम्पनीको विरासतको रुपमा रहेको Land Line टेलिफोनका ग्राहकसंख्या वृद्धिदर र यसको आम्दानी निराशाजनक रहेको देखिएकोले यो सेवाको पुरकको रुपमा रहेको ADSL सेवाको गुणस्तर वृद्धि गर्न तथा मर्मत सम्भारमा ध्यान दिनु पर्ने वताउनु भयो ।

कम्पनीको Backbone को रुपमा रहेको मोवाईल सेवाको ग्राहकसंख्या वृद्धि भएको देखिएतापनि सोही अनुपातमा राजश्व वृद्धि नभएको र नीजि क्षेत्रका सेवा प्रदायकहरुले आक्रामक रुपमा 4G सेवा विस्तार गरिरहेको अवस्थामा यस कम्पनीको वजार हिस्सा जोगाई राख्न 4G सेवा विस्तार गर्न सचेत हुनु पर्ने र एउटै सेवाको आम्दानीमा निर्भर रहनु जोखिमपूर्ण भएकोले सेवा विविधिकरणसँगै आम्दानी वैकल्पिक श्रोतको पहिचान गर्नु पर्ने वताउनु भयो ।

७. राज कुमार मेहता :

कम्पनीको साधारणसभा निर्धारित समयमा सम्पन्न गरेकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिदै कम्पनी ऐनको व्यवस्था अनुसार कम्पनीको सवैभन्दा माथिल्लो निकाय साधारणसभा भएको नै भएको वताउनु भयो । कम्पनी ऐन ,२०६३ अनुसार कम्पनी संचालन हुनु पर्ने कम्पनीलाई स्वायत्त वनाउन र कम्पनीको प्रवन्ध निर्देशकको नियुक्ति सञ्चालक समितिवाट हुनु पर्ने ।

नीजि क्षेत्रका सेवा प्रदायकहरुसँग प्रतिस्पर्धा गर्नु पर्ने कम्पनी भएकोले सार्वजनिक खरिद ऐनले दिएको सुविधालाई उपयोग गरी खरीद नियमावली वनाई लागू गरेमा कम्पनीको प्रतिस्पर्धि क्षमतामा वृद्धि हुने वताउनु भयो । कम्पनीसँग सम्वन्धित व्यक्ति तथा निकायहरुले नै कम्पनी विरुद्ध विभिन्न अदालतमा मुद्धा दायर गरी कम्पनीको निर्णय प्रकृया, सेवा विस्तार तथा राजश्वमा प्रतिकूल असर पारेको देखिएकोले

यस तर्फ सचेत रहन आग्रह गर्नु भयो । कम्पनीले कतिपय महत्वपूर्ण मुद्धाहरु हारेको स्मरण गर्दै कानूनी परामर्श तथा प्रतिरक्षाका लागि कम्पनीमा विज्ञ जनशक्ति सहतिको कानून विभाग गठन गर्न सुझाव दिनु भयो । कम्पनीले भित्र्याउन लागेको रणनीतिक साझेदारको विषयमा जानकारी गराउन आग्रह गर्दै कम्पनीमा कार्यरत कर्मचारीहरुलाई जिम्मेवार वनाउन पुरस्कार र दण्डको व्यवस्था लागू गर्न सुझाव दिनु भयो ।

कम्पनीले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका विभिन्न कार्यहरुको प्रशंसा गर्दै तराई मधेशमा शितलहर वाट प्रभावित जनताहरुलाई केही गर्न सके राम्रो हुने सुझाव दिनु भयो ।

८. श्री राजेन्द्र कुमार दाहाल :

कम्पनीको ईतिहासमा पहिलो पटक ऐनले निर्धारण गरेको समय सीमा पौष मसान्त भित्रै साधारणसभा आयोजना गरेकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्नु भयो । देशको दूरसञ्चार वजारमा तिव्र प्रर्तिस्पर्धा रहेको अवस्थामा नीजि सेवा प्रदायकहरुले वजार कब्जा गर्न सक्ने तर्फ सचेत गराउदै 10 M GSM आयोजना लगायतका कम्पनीवाट स्वीकृत आयोजनाहरु समय मै सम्पन्न भएको भए कम्पनीको ग्राहक आधार तथा खुद मुनाफा वृद्धि भई लाभांशमा समेत उल्लेख्य वृद्धि हुन सक्ने सुझाव दिनु भयो । कम्पनीमा सरकारी क्षेत्रवाट हुने हस्तक्षेप गर्न नहुने वताउदै कम्पनीको पुर्नसंरचनाको कार्यान्वयन सहि तरीकाले हुन नसकेको वताउनु भयो । कुनै पनि संस्थाको निर्धारित लक्ष्य हासिल गर्न तथा उत्पादकत्व वढाउन संस्थामा कार्यरत कर्मचारीको मनोवल तथा उत्प्रेरणा समेत उच्च हुनु पर्ने भएकोले कम्पनीमा कार्यरत कर्मचारीहरुले नियमानुसार पाउने सेवा सुविधा तथा उनीहरुको वृत्ति विकासमा ध्यान दिन आग्रह गर्नु भयो । DATA Business मा प्रतिस्पर्धि कम्पनीको राजश्व वृद्धिदर उच्च देखिएको अवस्थामा कम्पनीको राजश्व वृद्धिदर धिमा गतिमा रहेको तर्फ ध्यानाकर्षण गराउदै 4G सेवा विस्तारमा ढिलाई भएकोमा सचेत गराउनु भयो । राज्यलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा धेरै राजश्व वुझाउने यस कम्पनीका सम्पत्ति तथा भौतिक संरचनाहरुको सुरक्षा तर्फ ध्यान दिन आग्रह गर्दै वारम्वार Optical Fiber Cable काटिएको VOIP मार्फत कल वाईपास भई कम्पनीको राजश्वमा प्रतिकुल असर परिरहेकोले देश र जनताको नाशोको रुपमा रहेको यस संस्थाको जर्गेना र संरक्षण गर्न राज्यका निकाय र सम्वद्ध सवैको ध्यान जानु पर्ने वताउनु हुदै साधारणसभाको सफलताको कामना गर्नु भयो ।

९.डा.श्री माधव श्रेष्ठ :

कम्पनीले समयमै साधारणसभा गर्न लागेको धन्यवाद ज्ञापन गर्दै सभाको सफलताको कामना गर्नु भयो । आ.व.०७३/७४ को मुनाफावाट शेयरधनीहरुलाई ५५ प्रतिशत नगद लाभांश दिन लागेकोमा धन्यवाद दिदै शेयरधनीहरुको हितका लागि कम्पनीले नगद लाभांश संगै वोनश शेयर समेत जारी गर्न माग गर्नु भयो । बहाँले संस्थाको उन्नतिका लागि नियमक निकाय र कम्पनीको व्यवस्थापन राम्रो हुनु पर्ने वताउनु भयो ।

१०. श्री दिवाकर खड्का

कम्पनीले समयमै साधारणसभा गर्न लागेकोमा धन्यवाद व्यक्त गर्दै यसले आगामि वर्षहरुमा समेत निरन्तरता पाओस भनि शुभकामना व्यक्त गर्नु भयो । कम्पनीले वितरण गर्न लागेको ५५ प्रतिशत नगद लाभांश राम्रो भएतापनि वित्तीय विवरणमा कम्पनीको Earning Per share १०२ भएकोले यो भन्दा अझै वढी लाभांश वितरण गर्न सकिने अवस्था रहेको धारणा व्यक्त गर्नु भयो । कम्पनीको वार्षिक साधारणसभा लगायतका कार्य सञ्चालन खर्चहरु गत वर्ष भन्दा उल्लेख्य रुपमा घटेकोमा सन्तोष व्यक्त गर्दै वार्षिक प्रतिवेदन प्रकाशन खर्च अझै कम गर्न सकिने वताउनु भयो । कम्पनीका अध्यक्ष तथा सञ्चालकहरुको छोटो समयमै हुने परिवर्तनले जावाफदेहीताको कमि हुने सक्ने तर्फ सम्वन्धित निकायको

ध्यानाकर्षण गराउनु । शेयरधनीहरुले बुझि लिन बाँकी लाभांश रकम धेरै देखिएकोले शेयरधनीहरुको वैंक खातामा पठाउन सुझाव दिनु भयो । कम्पनीको व्यवस्थापन र क्रियाशिल संगठनहरुले कर्मचारी हक हितका विषयहरुलाई आपसी छलफलवाट समाधान गर्न र कम्पनीका आन्तरीक गोपनीय विषयहरुलाई वाहिर नल्याउन आग्रह गर्नु भयो । कम्पनीमा धेरै युनियनहरु हुँदा कम्पनीको काम प्रभावित हुने भएकोले सम्भव भए सम्म एउटै स्वतन्त्र ट्रेड यूनियन वनाउन सुझाव दिनु भयो । कम्पनीले सामाजिक उत्तरदायित्व तर्फ पुर्‍याएको योगदानको सर्‍हाना गर्दै यसका क्षेत्रमा अझै वढी क्षेत्रको पहिचान गर्दै थप योगदान पुर्‍याउनु पर्ने धारण व्यक्त गर्नु भयो ।

११.शिशिर कुमार भट्ट

कम्पनीको आर्थिक सूचकाङ्कहरु र शेयरधनीहरुलाई वितरण गर्न प्रस्तावित लाभांश सकारात्मक भएतापनि यसैमा सन्तोष गरेर वस्न नहुने तर्फ ध्यानाकर्षण सचेत गराउनु भयो । नेपाल भएका सार्वजनिक संस्थाहरु मध्ये सवै भन्दा वढी सम्भावना र दीगो भविष्य रहेको यस संस्थाको प्रगतिको लागि सम्वद्ध सवैले आ आफनो ठाउवाट योगदान गर्नु पर्ने र कम्पनीलाई थप व्यवशायिकरण गर्नु पर्ने सुझाव दिनु भयो । प्रबुद्ध र उच्च शीपयुक्त जनशक्ति कम्पनीको सम्पत्ति भएकोले यसलाई सदा उत्प्रेरित र जागरुक वनाई राख्न उनीहरुको सेवा सुविधा तथा सुरक्षित भविष्यको सुनिश्चितताको ग्यारेण्टी गर्नु पर्ने वताउनु भयो । वहांले सूचना प्रविधि क्षेत्रका नविनतम प्रविधिहरुलाई अवलम्वन गरी विश्वका अन्य देशका कम्पनीहरु संग प्रतिस्पर्धा गर्न सक्ने कम्पनीको रुपमा विकास गर्न सकिने सम्भावना रहेको वताउनु भयो । आगामि दिनमा कम्पनीले निर्धारण गरेको ग्राहक आधार तथा राजश्वको लक्ष्य प्राप्ति गरी शेयरधनीहरुको लगानीमा उच्च प्रतिफलको सुनिश्चितताको अपेक्षा गर्नु भयो ।

१२.श्री महेन्द्र जोशी

विश्वव्यापी रुपमा भइरहेको सूचना प्रविधिको विकास र सहज उपलब्धताले दूरसञ्चार क्षेत्र जनताको अत्यावश्यक सेवाको रुपमा परिणत भईरहेकोले कम्पनीले नविनतम प्रविधिको अवलम्वन गरी नयां सेवा विस्तार गर्न र सेवाको नियमित मर्मत संभार तथा अनुगमन गरी गुणस्तरमा ध्यान दिन व्यवस्थापनलाई सुझाव दिनु भयो । कम्पनीको वित्तीय प्रतिवेदन हेर्दा ग्राहक आधारको विस्तार लक्ष्य अनुसार नभएको र राजश्व वृद्धिदर कम भएको तर्फ ध्यानाकर्षण गराउनु भयो । कम्पनीको पुर्नसंरचना गरी यसलाई छरितो र व्यवशायिक वनाउन कर्मचारी स्वेछिक अवकास योजना लागू गरिएकोले उद्देस्य अनुरुप कर्मचारी व्यवस्थापन गर्न सुझाव दिनु भयो । कम्पनीसंग पर्याप्त पूँजि रहेकोले यसलाई वैंकमा नराखी नविनतम प्रविधिको अवलम्वनमा लगानी गर्न सुझाव दिदै कम्पनीमा कार्यरत कर्मचारीहरुको उत्प्रेरणाका सम्वन्धमा ध्यान दिनु पर्ने वताउनु भयो । कम्पनीमा रणनीतिक साझेदार ल्याउने विषय शेयरधनीहरुको हितमा भएकोले यस सम्वन्धी प्रकृया छिट्टै टुङ्याउन सुझाव दिनु भयो ।

१३. श्री राजेन्द्र पौडेल

सूचना प्रविधिको क्षेत्रमा विश्वव्यापी रुपमा भई रहेको तिव्रतर विकासलाई कम्पनीले अङ्गिकार गर्न नसकेमा धेरै पछाडी परिने खतरा रहेको तर्फ ध्यानाकर्षण गराउदै भौतिक पुर्वाधारको विकास र नविनतम प्रविधिको अवलम्वन गरी देशव्यापी रुपमा दूरसञ्चार सेवा पुर्‍याउनु पर्ने वताउनु भयो । Internet तथा Smart Phone को प्रयोगले International Revenue को लक्ष्य प्राप्त गर्न कम्पनीको लागि चुनौतीपूर्ण रहेकोले कम्पनीले आवस्यक नीति र व्यवशायिक योजना वनाउनु पर्ने वताउनु भयो । वहांले कम्पनीको सेवा प्रयोग गर्ने ग्राहकहरुको एकिन संख्याको विषयमा शेयरधनीहरुलाई जानकारी गराउन माग गर्दै 4G लगायतका नविनतम प्रविधिको अवलम्वन गरी सेवा विस्तार गर्न कम्पनी पछाडी परेकोमा

चिन्ता व्यक्त गर्नु भयो । कम्पनीमा मानव संसाधनको समूचित व्यवस्थापनका लागि विशेष अनुसन्धान गर्न र रणनीतिक साझेदारको रुपमा Corporate house लाई भित्र्याउन आग्रह गर्नु भयो ।

१४. डा.श्री मनोहरकुमार श्रेष्ठ

नेपाल भएका सार्वजनिक संस्थाहरु मध्ये सेवा विस्तार र राजश्वको लक्ष्य प्राप्ती गर्ने समवन्धमा सफल कम्पनीको रुपमा रहेको यस कम्पनीलाई प्राविधिक र वित्तीय रुपमा अझ सवल र सक्षम वनाउन कम्पनीको व्यवस्थापन परम्परागत Bureaucratic model वाट नभई Technocratic model मा सञ्चालन गर्न सुझाव दिनु भयो । सरकारले लगानी गरेको कम्पनीहरुमा समेत सञ्चालक समितिमा सम्वन्धित क्षेत्रका बिज्ञ र स्वतन्त्र सञ्चालक रहने प्रणालीको विकास भै रहेको सन्दर्भमा विज्ञहरुको सूची वनाई सोही सूची मध्येवाट सञ्चालक समितिमा प्रतिनिधित्व गराउने तर्फ सोच्नु पर्ने वेला आएको वताउनु भयो । कुनै पनि संस्थाको कूल आम्दानीको १० प्रतिशत भन्दा वढी कर्मचारी खर्च हुन नहुने तर्फ ध्यानाकर्षण गराउदै बजार मूल्यमा शेयर खरीद गरेका शेयरधनीहरुलाई लगानीको अनुपातमा लाभांश वितरण गर्न माग गर्नु भयो । अन्तमा कम्पनीका शेयरधनीहरुको लाभांश वितरण, शेयर नामसारी जस्ता प्रकृयाहरु सरल र सहज वनाउन आग्रह गर्नु भयो ।

१४. श्री राज बहादूर रावल

कम्पनीको दशौं साधारणसभा निर्धारीत समयमा सम्पन्न गर्न लागेकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिदै यसको सफलताको कामना गर्नु भयो । कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भए अनुसार कर्मचारीको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक सदस्यको निर्वाचन तथा आधिकारीक ट्रेड यूनियनको निर्वाचनको मिति घोषणा गरेकोमा कम्पनी व्यवस्थापनलाई धन्यवाद दिनु भयो । सर्वसाधरण शेयरधनीको तर्फवाट निर्वाचित हुने सञ्चालक सदस्यको कार्यकाल २ वा ३ वर्ष कायम सुझाव दिनु भयो । कम्पनीको साधारणसभा तथा सञ्चालक समितिवाट स्वीकृत कर्मचारीहरुको वोनस समयमा वितरण हुन नसकेकामा चिन्ता व्यक्त गर्दै यथासिघ्र वितरण गर्ने व्यवस्था मिलाउन आग्रह गर्नु भयो । कम्पनीका भौतिक पूर्वाधारहरुको प्रयोग गरी नीजि सेवा प्रदायकहरुले सेवा विस्तार गरिरहेको अवस्थामा कम्पनीको पूजि तथा श्रोत साधनको समुचित प्रयोग गरी FTTH लगायतका माध्यमवाट Internet सेवा विस्तार गर्नु पर्ने वताउनु भयो । कम्पनीले देशव्यापी रुपमा 4G LTE सेवा विस्तार गर्न र अर्न्तराष्ट्रिय कलवाट कम्पनीलाई प्राप्त हुने राजश्व घट्ने क्रममा रहेकोले विशेष नीति वनाई राजश्व वृद्धि गर्न जोड दिनु पर्ने वताउनु भयो । कर्मचारीहरुको उत्प्रेरणाको लागि कर्मचारी विनियमावलीमा आवस्यक संसोधन गरी कार्यरत कर्मचारीको सेवा सुविधा तथा वृत्ति विकासको सुनिश्चिता, करार ज्यालादारी अवधिको नोकरी गणना गर्न, पेन्सन विहिन तथा शेयरविहिन कर्मचारीहरुको माग सम्वोधन गर्न सुझाव दिनु भयो ।

१५. श्री सुभाष साह

कम्पनीमा कार्यरत कर्मचारीहरु समेत संस्थाका शेयरधनी भएकोले साधारणसभामा सहभागि हुने वातावरण मिलाई दिन आग्रह गर्दै साधारणसभाको सफलताको कामना गर्नु भयो । कम्पनीको सञ्चालक समितिमा प्रतिनिधत्व गर्ने कर्मचारी प्रतिनिधि र सर्वसाधारण शेयरधनीको प्रतिनिधिको निर्वाचन एकै दिन भएमा धेरै शेयरधनीहरु सहभागि हुन पाउने धारण राख्दै आगामि दिनमा यस सम्वन्धमा आवस्यक व्यवस्था मिलाउन अनुरोध गर्नु भयो । कम्पनीमा कार्यरत कर्मचारीहरुको विधी सम्मत पदस्थापन गर्न र लामो समय कम्पनीमा काम गरी पेन्सन नभई अवकास हुने कर्मचारीहरुको माग सम्वोधन गरी दिन सुझाव दिनु भयो । कम्पनीको सवारी नीति अनुसार सवारी साधनहरुको समूचीत प्रयोग गर्न र कम्पनीलाई आवस्यक उपकरण तथा अन्य सामानहरु Time Line भित्र खरिद गर्ने प्रकृया मिलाउन

व्यवस्थापनलाई अनुरोध गर्नु भयो । कम्पनीलाई अग्रणी संस्थाको रुपमा स्थापित गर्न 4G लगायतका आयोजनाहरु समयमै सम्पन्न गर्नु पर्ने वताउनु भयो ।

१६. श्री राजेन्द्र भट्ट

कम्पनीले गर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्च गर्दा कम्पनीको दायित्व अन्तर्गत पर्ने हो वा होईन एकिन गरी सम्वन्धित सरकारी निकायसंग दोहोरो नपर्ने गरी गर्नु पर्ने वताउनु भयो । कम्पनीवाट स्वीकृत व्यवशायिक योजना तथा ग्राहक सेवासंग सम्वन्धित नीतिहरु कार्यान्वयन गर्नु पूर्व सम्वन्धित ग्राहक सेवा केन्द्रहरुमा जानकारी तथा आवस्यक परामर्श गरिएमा कार्यान्वयन सहज र प्रभावकारी हुने वताउदै ग्राहक सेवा तर्फ काम गर्ने कर्मचारीलाई प्रोत्साहित गरिनु पर्ने वताउनु भयो । नीजि क्षेत्रसंग प्रतिस्पर्धा गर्नु पर्ने सरकारी कम्पनीहरुलाई सार्वजनिक खरीद ऐनले उपकरण तथा सेवा प्राप्ती गर्न दिएको सुविधाको उपयोग गरी कम्पनीको खरीद प्रकृयालाई छिटो र सहज वनाउन सकिने धारणा राख्नु भयो । कम्पनीको ग्राहक सेवा र विलिङ्ग संग सम्वन्धित system सहज र User friendly वनाउनु पर्ने धारणा राख्दै 4G सेवा विस्तारमा ढिलाई भएकोमा चिन्ता व्यक्त गर्नु भयो ।

१७. नियामक निकायको तर्फवाट शुभकामना

कम्पनीका नियामक निकायका तर्फवाट नेपाल दूरसञ्चार प्राधिकरणका वरिष्ठ निर्देशक श्री पुरुषोत्तम खनालले कम्पनीको दशौं वार्षिक साधारणसभा समय मै सम्पन्न गरेकोमा वधाई ज्ञापन तथा उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । वहांले कम्पनीको श्रोत साधनहरुको अधिकतम उपयोग गरी प्रतिस्पर्धि रुपमा सेवाको गुणस्तर कायम राखी आम उपभोक्ताको सन्तुष्टिलाई ध्यानमा राखी राजश्व वृद्धि गर्न सफल होस भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

१२. सञ्चालक समितिको तर्फवाट अध्यक्षले प्रस्तुत गर्नु भएको जवाफ:

कम्पनीको दशौं वार्षिक साधारणसभामा छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नु भएको धारणा, मन्तव्य, जिज्ञाशा, राय तथा सुझावहरु सम्वन्धमा सञ्चालक समितिको तर्फवाट सभाका अध्यक्ष श्री केदार बहादुर अधिकारीले सामुहिक रुपमा संक्षेपमा जवाफ दिनु भयो ।

Corporate Goverance सम्वन्धमा :

कम्पनीले पहिलो पटक कम्पनी ऐनले ताकेको समय सीमा भित्र आ.व.२०७३/७४ को साधारणसभा सम्पन्न गर्न लागेको र आज सम्मको सवैभन्दा वढी प्रतिशेयर रु.५५। नगद लाभांश वितरण गर्न लागेको प्रति शेयरधनीहरुले दिनु भएको हौसला र धन्यवाद प्रति कृतज्ञता ज्ञापन गर्दै आगामि दिनमा यसलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नु भयो । प्रतिस्पर्धि वजारमा कम्पनीको सवल र सशक्त उपस्थिती कायम राख्नु चुनौतीपूर्ण भएतापनि नविनतम प्रविधिको अवलम्वन र व्यवसायिक दक्षता अभिवृद्धि गरी कम्पनीलाई अग्रणी सेवा प्रदायकको रुपमा स्थापित गरिने वताउनु भयो ।

व्यवसायिक सुधार सम्वन्धमा

(१) 4G मोवाईल सेवा विस्तार :

कम्पनीले २०७३ षौष १७ देखि काठमाडौं उपत्यका र पोखरामा सञ्चालनमा ल्याईएको 4G मोवाईल सेवा विस्तार गर्न वोलपत्र आव्हान भई पेश हुन आएका वोलपत्रहरु मूल्याङ्कनको क्रममा रहेकोले

मूल्याङ्कन कार्य सम्पन्न भए पश्चात २८ महिना भित्र ६५ लाख मोवाईल सेवा विस्तार गर्ने गरी Time Frame सहित कार्य अगाडी वढाईएको जानकारी गराउनु भयो । यस क्रममा ३ हप्ता भित्र वोलपत्र मूल्याङ्कनको कार्य सम्पन्न गरी सो को २ हप्ता भित्र स्वीकृत गर्ने र अर्को २ हप्ता भित्र वोलपत्र सम्झौता गरिसकिने जानकारी गराउदै सम्झौता भएको ९ महिना भित्र सेवा सुरु गरी २८ महिना भित्र देश भरी नै 4G मोवाईल सेवा वितरण भईसक्ने सक्ने जानकारी गराउनु भयो ।

(२) मध्यपहाडी लोकमार्गमा Optical Fiber Network विस्तार सम्वन्धमा :

नेपाल दूरसंचार प्राधिकरण र नेपाल दूरसंचार कम्पनी लि. विच भएको सम्झौता बमोजिम कम्पनीले मध्य पहाडी लोकमार्गको पाँचथर जिल्लाको चियो भज्याङ्ग देखि धार्दिङ जिल्लाको सल्यानटार सम्म करीब २१७९ कि.मि. Optical Fiber Network विस्तार गर्ने सम्वन्धमा प्राधिकरणसंग सम्झौताका केही विषयहरुमा अनुमति लिन प्रकृया अघि वढाईएकोले प्राधिकरणवाट अनुमति प्राप्त हुनासाथ निकट भविष्यमा वोलपत्र प्रकृयामा जाने र वोलपत्र स्वीकृत भएको २ वर्ष भित्र आयोजना सम्पन्न गरीने र यस आयोजनावाट मध्य पहाडि क्षेत्रका जिल्ला सदरमुकाम जोड्ने अप्टिकल फाईवर विस्तार गरिने जानकारी गराउनु भयो ।

(३) लाभांश वितरण सम्वन्धमा :

प्रतिशेयर आम्दानी र संचित मुनाफा पर्याप्त भए पनि लाभांश रकम कम वितरण गरिएको भन्ने शेयरधनीहरुको गुनासोका सम्वन्धमा कम्पनीवाट 4G लगायत ठूला लगानीका आयोजनाहरुमा लगानी गर्नु पर्ने भएकोले प्रतिशेयर रु.५५।- नगद लाभांश प्रस्ताव गरिएको वताउदै भविष्यमा गरिने लगानीलाई ध्यानमा राखी कम्पनीको नाफामा हुने वृद्धि र व्यवशायिक जोखिमको आधारमा लाभांश रकममा समेत वृद्धि गर्दै लगिने जानकारी गराउनु भयो । साथै कम्पनीका शेयरधनीहरुको विगत आ.व.को लाभांश वितरण गर्न वाँकी रहेको सम्वन्धमा व्यवस्थापनसंग छलफल गरी सम्वन्धित शेयरधनीहरुको वैंक खातामा जम्मा गराइने र यस आ.व.को लाभांश रकम कार्यालय खुलेको पहिलो दिन देखि नै वैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको जानकारी गराउनु भयो ।

(४) कम्पनीको Network र Bandwith सुधार सम्वन्धमा :

कम्पनीको मोवाईल सेवाको नेटवर्क सुधार गर्न चालु आ.व.मा देशका विभिन्न स्थानहरुमा ६४० BTS थप गरी Network Coverage वढाईने र मौजुदा Mobile Network को Continuous Uptamization गरी सेवाको गुणस्तर बढाईने जानकारी गराउनु भयो । Satellite Link मार्फत संचालनमा रहेका BTS हरुलाई क्रमशः Microwave Radio Link ले र Microwave Radio Link सञ्चालित BTS हरुलाई प्राविधिक रुपले सम्भव भएसम्म Optical fiber Link मा Shifting गर्दै लगिएकोले यसवाट सेवाको गुणस्तर वृद्धि हुने अपेक्षा गरिएको छ । Bandwidth capacity Expansion & Redundant Link अन्तर्गत 1.5 Gbps क्षमताको Nepal China Cross Border Link संचालनमा आएकोले Internet सेवाको गुणस्तरमा सुधार हुनेछ ।

(५) कम्पनीका श्रोत साधन तथा उपयोग सम्वन्धमा :

कम्पनीको सेवाहरु सञ्चालन र विस्तारका लागि प्रयोग भै वाँकी रहेका पुर्वाधार तथा श्रोत साधनहरुको अधिकतम व्यवशायिक उपयोग गर्न अन्य सेवा प्रदायकहरुलाई भाडामा लगाईने र Resource हरुको Optimum Utilization गर्न आवस्यक नीतिगत सुधार गरिनेछ ।

(६) ग्राहक आधार वृद्धि तथा **Retention** सम्वन्धमा :

कम्पनीले निर्धारण गरेको ग्राहक आधार वृद्धिको लक्ष्य हासिल गर्न र कम्पनीका ग्राहकहरुलाई कम्पनीको सेवामा आवद्ध गरि रहन नवीनतम प्रविधिमा आधारित बिभिन्न आकर्षक अफरहरु सहित सस्तो, भरपर्दो तथा गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराईनेछ ।

(७) लगानी विविधिकरण सम्वन्धमा :

कम्पनीले आफूसंग मौज्दात रहेको पूँजि पूर्वाधार विकास तथा जलविद्युत क्षेत्रमा लगानी गर्दै आएकोमा आगामि दिनमा कम जोखिम र वढी प्रतिफल युक्त नयाँ क्षेत्रहरुको पहिचान गरी लगानी विविधकरण गर्दै लगिने जानकारी गराउनु भयो ।

(८) आन्तरीक सुधार तथा सेवाको गुणस्तर सम्वन्धमा :

कम्पनीको सञ्चालक समिति र व्यवस्थापन विच आवस्यक समन्वय गरी कम्पनीका आन्तरीक सुधारका कार्यहरु गरिने जानकारी गराउदै निर्धारित समयमा आयोजनाहरु सम्पन्न गर्न र नियामक निकायहरुवाट तोकिएको गुणस्तरको मापदण्ड पुरा गर्न सञ्चालक समितिवाट लिखित रुपमै व्यवस्थापनलाई निर्देशन दिईएको र निर्देशन कार्यान्वयनको अवस्थाका सम्वन्धमा नियमित अनुगमन गरिने जानकारी गराउनु भयो ।

अन्य कानूनी तथा व्यवस्थापकिय सुधार सम्वन्धमा :

(१) कम्पनीको आर्थिक विनियमावली र खरीद नियमावली

निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी सेवा आपूर्ति गर्नुपर्ने कम्पनीहरूको हकमा सार्वजनिक खरिद ऐन र नियमावलीले गरेको व्यवस्था र सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधन २०७३ बाट बोलपत्र, खरीद सम्झौता लगायतका प्रावधानमा भएका संशोधनलाई समावेश गर्न कम्पनीको खरीद कार्यविधिको मस्यौदा तयार भइ स्वीकृतिको क्रममा रहेको ।

(२) कम्पनीका **Active** ग्राहकहरुको विवरण सम्वन्धमा ।

कम्पनीका Active/ Inactive ग्राहक संख्या एकिन गर्ने सम्वन्धमा नियामक निकायको निर्देशन अनुसार अन्य कम्पनी सरह सार्वजनिक गरिनेछ ।

(३) **कर्मचारी व्यवस्थापन तथा सुविधा सम्वन्धमा ।**

कम्पनीको स्वीकृत पुर्नसंरचना अनुसार कर्मचारीहरुको पदस्थापन भैरहेको र आवस्यकता अनुसार सस्थाको संगठन तथा व्यवस्थापन चुस्त संगठनको रुपमा विकास गर्दै लगिने । कर्मचारीको वितरण हुन वाँकी वोनसका सम्वन्धमा उच्चस्तरमा छलफल भईरहेकोले निकट भविष्यमै वितरण गर्न पहल गरिनेछ। कम्पनीका कर्मचारीहरु व्यवस्थापनको साथै कम्पनीको प्रगतिको लागि सवैले सक्रिय भई आ आफ्नो जिम्मेवारी कुशलता पूर्वक सम्पन्न गर्न आग्रह गर्नुभयो ।

कम्पनीमा कार्यरत कर्मचारीहरुले व्यवस्थापनको महत्वपूर्ण हिस्सा भएकोले शेयरधनीको हैसियतमा साधारणसभामा व्यक्त गरेका विचारहरुलाई आफ्नो समेत दायित्व सम्झेर कार्यान्वयन गर्न आग्रह गर्दै आफ्नो र संस्थाको कमि कमजोरीहरुलाई सार्वजनिक गरेर लोकप्रिय वन्न नसकिने र यसले संस्थाको हित नहुने वताउनु भयो । कर्मचारीहरुका कुनै गुनासाहरु भए आपसमा छलफल गरी समाधान गर्न सकिने तर्फ ध्यानाकषर्ण गराउनु भयो ।

(४) **Call bypass नियन्त्रणसम्वन्धमा ।**

Call bypassमार्फत भई रहेको अन्तर्राष्ट्रिय राजश्व चुहावट नियन्त्रण गर्न अत्याधुनिक Tools कासाथै अन्य सम्बन्धित निकायहरुसंग समन्वय गरी राजश्व अभिवृद्धि गरिनेछ ।

(५)**संस्थागत सामाजिक उत्तरदायित्व ।**

कम्पनीले गर्दै आएको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत लगानीका नयाँ क्षेत्रहरु पहिचान गरीनिरन्तरता दिईनेछ । –

साधारणसभाको निर्णयः

साधारणसभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमूल्य राय, सुझाव तथा सल्लाहलाई कम्पनीले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै अध्यक्षवाट सभामा प्रस्तुत गर्नु भएका देहायका प्रस्तावहरु सभावाट पारीत भयो ।

क) **साधारण प्रस्तावः**

१. आर्थिक वर्ष २०७३/७४ को लागि सञ्चालक समितिको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणहरु ।

३. लेखा परीक्षण ऐन, २०४८ को दफा ७ बमोजिम महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा, १६५ को प्रावधान अनुरुप आर्थिक वर्ष ०७४/७५ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट श्री सुवोध कुमार कर्ण र चार्टर्ड एकाउण्टेण्ट श्री अच्युतराज जोशीलाई संयुक्त रुपमा वरावर पारिश्रमिक पाउने गरी लेखा परीक्षक नियुक्ति गर्ने र निजहरुको पारिश्रमिक मु.अ.कर वाहेक रु.१६,००,०००। (सोह्र लाख मात्र) तथा कम्पनीको लेखा परीक्षण समितिवाट सिफारिस गरिए बमोजिम नियुक्तिका अन्य शर्तहरु निर्धारण गर्ने ।

४. आ.व.२०७३/०७४ को मुनाफा रकम मध्येबाट कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत प्रति शेयर रु.५५।- (अक्षरुपी रु.पचपन्न) का दरले नगद लाभांश वितरण गर्ने ।

५. कम्पनीको नियमावलीको नियम १२ को खण्ड (छ) को समूह (ग) अन्तर्गत कम्पनीमा सर्वसाधारण शेयरधनी मध्येबाट एक जना सञ्चालन छनौट गर्न भएको निर्वाचनमा श्री विष्णु प्रसाद कसजु निर्वाचित हुनु भयो ।

विशेष प्रस्ताव

कम्पनीको नियमावलीमा संसोधन

१. कम्पनीको नियमावलीको विभिन्न ठाँउमा रहेको **"कम्पनी ऐन, २०५३"** भन्ने शब्दहरुको सट्टा **" कम्पनी ऐन, २०६३ "** भन्ने शब्दहरु कायम गर्ने ।

२. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (ग) मा रहेको सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ भन्ने व्यवस्थाको सट्टा देहायको व्यवस्था कायम गर्ने ।

" यो नियम प्रारम्भ भएपछि नियमावलीको नियम १२ को खण्ड (छ) को समूह (ग) अनुसार सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित हुने सञ्चालकको कार्यकाल ३ वर्ष वा नियुक्ति भएको मिति देखि तिनवटा साधारण सभा वस्ने मिति मध्ये जुन पहिले हुन्छ सो मिति सम्म मात्र हुनेछ । "

धन्यवाद ज्ञापन तथा सभाको विसर्जन

अन्त्यमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सभामा व्यक्त गर्नु भएको अमूल्य राय, सुझाव तथा सल्लाहलाई ह्दयङ्गम गर्दै दशौं वार्षिक साधारणसभा सम्पन्न गर्न सहयोग पुर्‍याउने कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल धितोपत्र विनिमय वजार लिमिटेड, नेपाल दूरसञ्चार प्राधिकरण, कम्पनीका लेखा परीक्षक, कानूनी सल्लाहाकारहरु र कम्पनीका कर्मचारीहरुवाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्दै अपरान्ह १:४५ वजे सभा विसर्जन भयो ।

केदार बहादुर अधिकारी
अध्यक्ष
मिति २०७४/१०/२८
काठमाडौं

शैलजा राई
कम्पनी सचिव